# बिराटनगर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मोरंग,बिराटनगर
१ न.प्रदेश,नेपाल

टिप्पणी र आदेश

फोन. न. ०२१-५२३३०८
फ्याक्स न. ०२१-५२५४५२
मिति: २०७४/३/२७

## बिषय: जेष्ठ नागरिक सेवा प्रवाह सम्बन्धमा ।

श्रीमान्,

बिराटनगर महानगरपालिको प्रदेश न. १ अन्तर्गत एक मात्र महानगरपालिका हो । मोरङ जिल्लाको दक्षिण पश्चिम सिमानामा रहेर भारतको जोगबनी नाकासँग जोडिएको यो नगर देशकै दोस्रो ठुलो शहर तथा पुर्वाञ्चलको औधोगिक , व्यापारिक तथा प्रशासनिक केन्द्रको रुपमा समेत पृरिचित छ । पुर्वमा कटहरी र जहदा गा.पा., पश्चिममा केशलिया खोला, उत्तरमा बुढीगंगा र ग्रामथान गा.पा. तथा दक्षिणमा भारतको सिमानासँग जोडिएको यो नगर समतल भु--भागमा फैलिएको छ भने स्थानिय नगरवासीहरुलाई सर्वसुलभ ढंगबाट सेवा सुविधा उपलब्ध गर्न गराउन भौगोलिक रुपमा जम्मा १९ वटा वडाहरुमा विभाजन गरिएको छ । ७७ वर्गकि.मि. क्षेत्रफल, २,८०,०९१ जनसंख्या (महिला/पुरुष १,३८,०८५/१,४२,००६ घरधुरी संख्या ४७,७९८ रहेको सम्पुर्ण मोरङ जिल्लाको कुल जनसंख्या मध्ये १९.७७ प्रतिशत मानिसहरुको बसोवास रहेको यस नगरको आर्थिक औधोगिक, व्यापारिक,शैक्षिक, स्वास्थ्य लगायतका सेवाहरु आम नगरबाशीहरुलाई पुर्याउन पर्ने अत्यावश्यक सेवा प्रवाहको क्षेत्रहरुमा पुर्वाञ्चलकै अग्रणी शहरको भुमिका निर्वाह गर्दै आईरहेको छ ।

यस महानगरपालिका क्षेत्र भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरु मध्ये दलित जेष्ठ ४८३,जना, जेष्ठ नागरिक (अन्य) ४६४९,एक्कल महिला ९८३, बिधुवा महिला २३२०,पूर्ण असक्त १६३,आंशिक अशक्त, ९५,दलित बालबालिका ४६४ गरि जम्मा ९१५७ जना लाभग्राहीहरुले नगरको राष्ट्रिय बैंक अन्तरगत बरगाछी, देवकोटा चौक, बिराटनगर र सुख्खा बन्दरगाह शाखाहरु मार्फत सामाजिक सुरक्षा भत्ता बितरण सेवा पाइरहेका छन् ।साथै बढ्दो जनसंख्याको चाप तथा शहरीकरणले गर्दा स्वास्थ्य सूचांक कम भएको अवस्थालाई समेत मध्यनजर गर्दै तपसिलका बुदाहरु कार्यन्वयनका लागि उपयुक्त देखिएको हुँदा निर्णयार्थ पेश गरेको छु ।

### निर्णय न. १

नेपाल सरकारबाट प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता (जेस्ठ (अन्य),दलित जेस्ठ,एक्कल/बिधुवा महिला,आपंगता भएको व्यक्ति र दलित बालबालिका) बितरण प्रणालीलाई सरलीकरण, व्यवस्थित, पारदर्शी एबं प्रभावकारी बनाई स्थानीय बैंक र बितीय संस्थाहरुसंग समन्वय गरि १९ वटै वडाहरुबाट वितरणको व्यवस्था मिलाउने

### निर्णय न.२

महानगरपालिकालाई मोतिया बिन्दु (*CATARACT*) मुक्त नगर बनाउनका लागि स्थानीय स्वास्थ्य संस्थाहरुसंग सहकार्य गरि नि:शुल्क आँखा जांच तथा मोतिया बिन्दुको अपरेसनको व्यवस्था मिलाउने ।

निर्णयार्थ पेश गरेको छु ।
स्वास्थ्य शाखा
निर्णय कार्यान्वयन गर्ने व्यवस्था गर्ने